# बारबर्दिया नगरपालिका

नगर सभामा नगर प्रमुख श्री दुर्गाबहादुर थारुद्धारा प्रस्तुत

आ.व. २०७७/७८ को

# नीति तथा कार्यक्रम

**नगरकार्यपालिकाको कार्यालय**

**जयनगर, बर्दिया**

**८ आषाढ, २०७७**

यस गरिमामय नगरसभाका अध्यक्ष महोदय एवं, सभाका सदस्यज्यूहरु,

नेपालको संविधान अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस बारबर्दियानगरपालिकाको गरिमामय नगर सभामा आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा मलाई खुशी लागेको छ । यस ऐतिहासिक अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

संवत २०७४ असार १४ मा सम्पन्न स्थानीय तहको निर्वाचनले सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ युगको थालनी सँगै स्थानीय सरकार अभ्यासको थालनी भएको छ । साथै मुलुकको आर्थिक सम्वृद्धि र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर जुटेको छ । हामी जनप्रतिनिधी बहाल भएको ३ वर्ष पुरा हुन लागेको छ र यस अवधिमा निर्वाचको पहिलो वर्षमै आएको भिषण बाढीले निम्त्याएको विपत्ति र विद्यमान विश्वव्यापी महामारी कोविड - १९ चुनौतीका बावजुद आधुनिक र सम्वृद्ध नगरपालिका बनाउने दिशामा हाम्रा महत्वपुर्ण प्रयासहरु भएका छन । हाम्रा प्रयासहरुले शिक्षा,स्वास्थ्य,कृषि तथा सडक,पर्यटन पुर्वाधार र लक्षित समुदायमा महसुस गर्न सक्ने गरी प्रगति भएको ठानेका छौं ।

कृषि, उद्योग र पर्यटनमा वृद्धिःबारबर्दिया नगरको समृद्धि भन्ने नारालाई साकार पार्न तथा आधुनिक सुविधा सहितको हरित नगर बनाउने तर्फ यस आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु निर्देशित हुनेछन ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोबिड-१९ का कारणले उत्पन्न असहज परिस्थिति तत्काल सामान्य रुपमा आउन नसक्ने देखिएकाले यसको असरलाई रोकथाम र नियन्त्रण गर्दै मानव जनजिवन लाई नियमित गर्ने विषय नै अहिलेको मुख्य चुनौति बनेको छ । यस महामारीको कारणले स्थानिय सरकारका आवश्यकता र प्राथमिकताका क्षेत्रहरु पनि बदलिएका छन । यस परिस्थितिमा यस नगरपालिकाको बजेट तर्जुमा सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ । यस नगरपालिकाले कोबिड - १९ को असरबाट सिर्जना भएको आवश्यकतालाई मध्यनजर गर्दै सोही आधारमा आ.व. २०७७/०७८ को निति कार्यक्रम तथा बजेटका प्राथमिकता निर्धारण गरिएको छ ।आवश्यकता पहिचान गर्दा नेपालको संविधान र विद्यमान ऐन कानून अनुरुप स्थानिय तहले सम्पादन गर्नु पर्ने कार्यहरु तथा नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को निति तथ कार्यक्रम र बजेटका प्राथमिकता र पन्ध्रौं पञ्चवर्षिय योजनाका प्राथमिकताहरु समेत लाई बजेट

तर्जुमाको आधारको रुपमा लिईएको छ ।सो का लागि यस आर्थिक वर्षमा तपसिल बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

## १. पूर्वाधार विकास सम्बन्धी नीतिः

निरन्तर रुपमा चलि आएको योजना तर्जुमा विधी र प्रकृया अनुसार गाउँ टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाको दृष्टिकोणले जोखिमपुर्ण हुने देखिएमा नागरिक सहभागिताका वैकल्पिक विधिहरु अबलम्बन गर्ने व्यवस्था मिलाइएको छ । यसका लागि भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धि मापदण्को पालना गरी स-साना समुहमा छलफले गर्ने , टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामुहिक संस्थाहरु परिचालन गर्ने , सञ्चार तथा सुचना प्रविधीको उपयोग जस्ता विधि प्रयोग गरिएको छ ।

शहरी विकास मन्त्रालयसंगको सहकार्यमा यसै आर्थिक बर्षमा बारबर्दिया नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकास लक्ष्यहरु निर्धारण गर्ने कार्य लाई निरन्तरता दिइनेछ । नगर गुरुयोजनाको आधारमा योजनाहरुको प्राथामिकताक्रम निर्धारण गरेर आगामी वर्षहरुमा योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गरिनेछ ।

### क) सडक तथा पूल निर्माण

सडक नै अन्य विकासको आधार भएकाले यस वर्ष पनि सडक निर्माण कार्यलाई पहिलो प्राथमिकता दिईनेछ । यसका लागिः

- अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकतामा राखी पूर्णता दिने नीति अवलम्वन गरिनेछ ।
- ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ ।
- वातावरणीय प्रभाव मुल्याङ्कन/अध्ययन (EIA/IEE)गर्ने कार्यलाई जोड दिइनेछ ।
- पूर्वाधार निर्माणका क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- बारबर्दिया नगरपालिकालाई कृषि, उद्योग र पर्यटनमा बृद्धिः बारबर्दिया नगरको समृद्धि भन्ने नारा भित्रका नगरको विकासमा अग्रणी क्षेत्र उन्मुख कार्यक्रम सञ्चालन गर्ने विषय क्षेत्रसँग सम्बन्धित संघ सस्था, निजिक्षेत्र संग समन्वय र सहकार्य गरी सानिसा सार्वजनिक निजि साझेदारी PPP लाई प्रबर्धन गर्न तथा त्यस्ता कार्यक्रमहरु ल्याउन प्रोत्साहित गर्न आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

- लागत सहभागितामा आधारित कार्यक्रमलाई महत्व दिने विगत देखिको नीतिलाई निरन्तरता दिदै लागत साझेदारीमा काम गर्न चाहने संघ, संस्था,सामुदायिक वन र उपभोक्ता समितिसँग साझेदारी गर्दा नगरपालिका/साझेदार अनुपातपूर्वाधार निर्माण क्षेत्रमा ६०/४० प्रतिशत र ग्राभेल बाटो निर्माण क्षेत्रमा ५०/५० प्रतिशतको अनुपातमा लगानी सहभागीता हुनेछ । त्यसको लागि समपुरक कोषमा रकमको व्यवस्था गरिने छ ।
- नगरपालिकाको भौगोलिक सूचना प्रणाली GIS लाई अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याईनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ ।
- नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सिर्जनागर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइने छ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनगर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ ।
- नगर क्षेत्रका सार्वजनिक जग्गाको संरक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।
- नगरपालिका क्षेत्रमा ६ मि. भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने र हाल थप विस्तारित सडकहरुमा न्यूनतम ६ मि. सडक कायम गरिनेछ ।
- नगर यातायात गुरु योजना तयार गर्ने तथा सो को आधारमा नगरस्तरीय गौरवका सडकहरुको स्तरोन्नती कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ साथै नगरका गौरवका सडकहरु कालोपत्रे गर्ने कार्य निरन्तर अघि बढाइनेछ ।
- बारबर्दिया क्षेत्रभित्र नगर वस संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- बृहत्तर बारबर्दिया चक्रपथको अवधारणा कार्यान्वयन गर्न सम्भाब्यता अध्ययन गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न पक्की पुलहरु निर्माण गरिनेछ ।
- संघीय सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित योजनाहरुलाई समयमानै सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरिने छ ।
- विकास निर्माणका योजनाहरु सञ्चालन गर्दा आउने अवरोध, बाधा र द्धन्दको निराकरण गर्न विवाद समाधान उपसमिति गठन गरि समन्वय र सहजिकरण गरिनेछ ।

- भैरहेका संरचनाहरुको नियमित मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ सो का लागि नगरबाट सञ्चालित हुने योजनामा विनियोजित रकमबाट निश्चित प्रतिशतले रकम छुट्याइ कोषमा जम्मा गर्ने नीति लिइने छ ।

## ख) सिंचाई तथा नदी नियन्त्रण

- बारबर्दिया नगरपालिका बाढी कटान र डुबानको उच्च जोखिममा रहेकोले संघीय र प्रदेश सरकारसँगको सहकार्यमा तटबन्धन कार्यलाई द्रुत रुपमा अघि बढाई बारबर्दियालाई सुरक्षित बनाइनेछ ।
- बबई सिंचाइ तथा अन्य सरोकारवालाहरु सँगको सहकार्यमा बारबर्दिया भित्रका सिंचाई प्रणालीलाई व्यबस्थित बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

## ग) खोपानी तथा सरसफाई

- सवै नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।
- नगरक्षेत्रमा सरसफाई सम्वन्धी चेतना अभिवृद्धि गर्ने तथा सफाई अभियानहरु संचालन गरिनेछ ।

## घ) व्यवस्थित बसोवास तथा भवन निर्माणः

- आ.व.२०७६/०७७ को अन्त्यतिर ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भई सकेका नगर प्रशासकिय भवन , सिकलसेल रोग उपचार केन्द्र र शहिद विष्णु - धनि बहु प्राविधिक शिक्षालय भवन निर्माण कार्यलाई निरन्तरताको लागि प्रयाप्त बजेट विनियोजन गरिनेछ ।आफ्नो भवन नभएका वडाका कार्यालय भवन निर्माणका लागि प्रदेश र संघीय सरकारमा आवश्यक पहल गरिनेछ ।
- नगर भू-उपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण शुरु गरिनेछ ।
- यस नगरपालिकाभित्र अब निर्माण गरिने संपूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपांगमैत्री, भूकम्प प्रतिरोधात्मक, वनाइनेछ ।
- सुरक्षित घर निर्माणका लागि नक्शा पास गरेर मात्र घर निर्माण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ र नगरपालिका घोषणा हुनुअघि निर्माण भएका घरहरु को अभिलेखिकरण (नियमित पास) यस बर्ष भित्र सम्पन्न गर्न अभियान संचालन गरिने छ । संपुर्ण घरहरुलाई घर नक्शा पासको प्रकृयामा ल्याउनका लागि नगरपालिकाबाट प्रदान हुने सेवा सुविधासँग जोडि अनिवार्य र प्रभावकारी बनाइनेछ ।

- यस नगर क्षेत्रमा बर्षौंदेखि सार्वजनिक जमिनमा अव्यवस्थितरुपमा बसोवास गरिरहेका तर स्वामित्व नपाएका व्यक्ति , सुकुम्वासि तथा संघ-संस्थाहरुको लगत लिने काम शुरु गरिनेछ ।
- नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा तालिम दिइनेछ । यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरमा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिने छ र अनुगमन समिति बनाई मापदण्ड विपरित संरचनाहरुको लगन लिने कार्य समेत अघि बढाईनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीतिः

### क) कृषि तथा पशुसेवा र सहकारी सम्बन्धी नीतिः

संघिय सरकारको भू-उपयोग नीति अनुसरण गर्दै स्थानीय भू-उपयोग योजना निर्माण गरी यसले पहिचान गरेको कृषि उत्पादन क्षेत्रमा बिषेश कार्यक्रमहरु संचालन गरी निर्वाहमुखि कृषि प्रणालीलाई क्रमश विस्थापन गरेर व्यवशायिक कृषि प्रणालीको विकासका लागि कृषकलाई प्रोत्साहन गर्न आवश्यक अनुदान दिने नीति अवलम्वन गरिनेछ । कृषि क्षेत्रमा जोन, सुपर जोन, पकेट तथा बिशेष क्षेत्रहरु विस्तार र कार्यान्वयन गरिनेछः

- यस क्षेत्रमा उत्पादन हुने दुधको बजारीकरणका लागि स्थापित दुग्ध चिस्यान केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ । पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घास उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ ।
- नगरका विभिन्न क्षेत्रमा कृषि उपज संकलन केन्द्र तथा प्रदेश सरकारको सहयोगमा बारबर्दिया क्षेत्रको एक स्थानमा सित गोदाम (ऋयमि क्तयचभ) स्थापना गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।
- कृषियोग्य जमिनको अव्यवस्थित तथा गैर(कानूनी खण्डिकरणलाई निरुत्साहीत गरि कृषियोग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ ।
- कृषि तथा पशु बिमालाई प्रोत्सहित गरिनेछ ।
- सहकारितालाई प्रोत्साहन गरिनेछ । सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिषेश अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा व्यावसायीकरण, विविधीकरण बजारीकरण र आधुनिकीकरण गर्दै खाध सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ । नगरलाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ ।

- कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विधुतिकरण, हाटबजार, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्रजस्ता पूर्वाधारहरुको निर्माण तथा संवर्द्धन गर्ने नीति लिईने छ ।
- उर्बर कृषियोग्य जमिनलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । साना सिचांई, डिप बोरिगं, स्यालो ट्युववेलको माध्यमबाट प्रभावकारी सिंचाई व्यवस्था संघिय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा मिलाईने छ ।
- कृषक पाठशालाको अवधारणालाई अगाडि बढाउने नीति अबलम्बन गर्नुका साथै तरकारी फलफुल तथा दुग्ध उत्पादनको आधारमा अनुदान नीति लिईनेछ ।
- नगरपालिकामा उत्पादन हुने दुधको बजारीकरणमा दुध चिस्यान केन्द्रतथा दुग्ध संकलन केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिने छ ।
- पशुपालक कृषकहरुलाई आवश्यक प्राबिधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि प्रोत्साहन गरिने छ ।
- पशु आहाराको व्यवस्थापन गर्न सामुदायिक वनमा घाँस विकास कार्यक्रम संचालन गरिने छ ।
- नगरमा स्थानिय कुखुरा पालन कार्यक्रम प्रवर्द्धन गरिने छ ।
- नगरका पशुपालक कृषकहरुले पालन गरेका पशुपंक्षिहरुको बिमा गराउन प्रोत्साहन गरिने छ ।
- पशु विकास सँग सम्बन्धीत सहकारीहरुलाई उन्नत पशुपालन तर्फ उन्मुख हुन सहयोग गरिनेछ ।
- नगरमा स्वच्छ, व्यवस्थित मासु पसल सुधार एवंम व्यवस्थापन गर्न सहयोग गरिने छ ।
- नगर क्षेत्र भित्र पालन गरिएका पशुहरुमा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान कार्यक्रम विस्तार गरिने छ ।
- स्वच्छ तथा स्वस्थकर पशुजन्य पदार्थ उत्पादनमा जोड दिन पशुपंक्षिको गोठ, खोर सुधार गर्न जोड दिईनेछ ।
- व्यवसायिक कृषि प्रवद्र्धनका लागि जग्गा लिजमा लिई नगरस्तरीय कृषि फाराम सञ्चालनमा ल्याइने छ ।

## ३. सामाजिक विकास सम्बन्धी नीतिः

### क) संस्कृति तथा पर्यटनः

- बेलभार नमुना गाउँलाई पर्यटकिय दृष्टिले विकास गर्न निरन्तरता दिइनेछ ।
- ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

- यस नगर क्षेत्रभित्र रमणीय चुरेका काख आसपास गुणस्तरीय होटल तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।
- बारबर्दिया थारु मरुवालाई व्यवस्थित गरिनुका साथै थारु संग्रालयका रुपमा विकास गर्ने नीति लिइनेछ ।
- रमणीय प्रकृतिक सम्पदा सत्खलुवा तालको संरक्षण गरिनेछ तथा होमस्टे लगायत अन्य क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- रम्मापुर शहिद पार्क,कुम्भर अड्डा शहिद वेपत्ता पार्क, बेलभार शान्ति पार्क र रानीजरुवा शहिदपार्क निर्माण तथा व्यवस्थापन गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।यसै गरी होमस्टेहरुको प्रवर्दन , स्थानिय कला र संस्कृतिको प्रबर्द्धन गरी पर्यटकिय विकासमा टेवा पुर्याइने छ ।

## ख) शिक्षा विकास

- गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा सुधारको अभियानलाई निरन्तरता दिइनेछ ।
- प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई सुदृढ गर्दै अनिवार्य तथा नि:शुल्क आधारभूत तहको शिक्षालाई सुनिश्चित गरिनेछ ।
- माध्यमिक तहको शिक्षाको पहुँचमा अभिवृद्धि गर्दै गुणस्तर सुधारमा जोड दिइनेछ ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ ।
- प्राविधिक धार तर्फको शिक्षा विकास तथा विज्ञान विषयमा दस जोड दुईका कक्षा सञ्चालनमा जोड दिइनेछ।
- शहिदविष्णुधनि बहुप्राविधिक शिक्षालय स्थापना गरि संचालन गरिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्दै गुणस्तर सुधारमा जोड दिइनेछ ।
- शिक्षा क्षेत्रमा संलग्न सरोकारवालाहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
- सामुदायिक र संस्थागत विद्यालयहरुको विचमा शैक्षिक उपलब्धीका लागि प्रतिस्पर्धाको वातावरण सिर्जना गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या,शैक्षिक गुणस्तर तथा भौगोलिक आवश्कता अनुसार एव आपसमा मर्ज गर्ने तथा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा नगर भित्र दरबन्दी मिलान गरिनेछ ।
- टुहुरा,असहाय बालबालिकाहरुको संरक्षण केन्द्रमा राखि उनीहरुको पालनपोषण र शिक्षाको उचित व्यवस्था मिलाउनेछ ।
- सामुदायिक सिकाई केन्द्र मार्फत अनौपचारिक प्रौढ शिक्षाका कक्षा एवम् निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गर्दै प्रति साक्षर नगरपालिका घोषणा गरिनेछ ।
- उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगर भित्र सञ्चालित क्याम्पसहरुको विकासका लागि आवश्यक व्यवस्था मिलाउने ।

## ग) युवा तथा खेलकुद

- रोजगारी सृजना गर्नका लागि युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- युवाहरुलाई पुनर्वल बढाउने सकरात्मक सोच सम्बन्धी तालिम सञ्चालन गरिने ।
- युवाहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसरको सिर्जना गरिनेछ ।
- खेलप्रति रुचि बढाउन नगर कप, मेयर कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
- खेलकुद प्रवर्द्धनका लागि नगरमा बहुउदेशिय नगर कभर्ड हल निर्माण गरिनेछ ।
- रोजगारी सिर्जना गर्नका लागि युवा उद्योगी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- युवा स्वरोवगार कार्यक्रमहरु संचालन गरिनेछ ।
- यस नगरभित्र युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी मेयर कप फुटवल लगायत वडास्तरीय तथा नगरस्तरीय खेलहरु आयोजना गरिनेछ ।

## घ) स्वास्थ्य

- कोबिड - १९ महामारीका क्रममा स्थानिय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री ( माक्स,पञ्ञा,सेनिटाइजर , पी पी ई ) हरुको अभाव नहुने गरी बजेट व्यवस्थापन गरिएको छ ।
- नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम कोबिड - १९ क्वारेटाइन र आइसोलेशन कक्षलाइ व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- यस नगरभित्र रहेका एम्बुलेन्स सेवालाई चौबिसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि नगर क्षेत्रभित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको सवलीकरण, क्षमता अभिवृद्धि तथा स्तरोउन्नति गर्ने नीति लिइनेछ । यसै आर्थिक बर्षमा मगरागाडी स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालका रुपमा स्तरोन्नती गरिनेछ ।
- हाम्रै नगरको प्राथमिक स्वास्थ्य केन्द्रमा सिकल सेलको परीक्षणको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका, बन उपभोक्ता समुह, स्थानीय समुदाय र संघीय तथा प्रदेश सरकारको सहकार्यमा सर्पदंश अस्पताल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- सङ्घीय सरकारको स्वास्थ्य विमा सम्वन्धी कार्यक्रम अन्तगत सवै नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाइनेछ ।

- सिकलसेल रोग पहिचान,रोकथान अभियान नियन्त्रण घोषणा कार्यक्रम सम्पन्न भएपश्चात सिकल सेल रोगको राष्ट्रिय उपचार केन्द्र सुचिकृतको लागि आवश्यक उपकरण जनशक्ती र प्रयोगशाला ब्यवस्थापन कार्य गरिनेछ ।
- प्राथामिक स्वा.के.,स्वा.चौ र स्थापना हुन लागेका आधारभुत स्वास्थ्य केन्द्रहरुलाई ब्यवस्थापन गरि समुदाय स्तरमा गुणस्तरिय स्वास्थ्य सेवा प्रवर्धनका लागि तालिम, उपकरण जनशक्ती ब्यवस्थापन र भौतिक संरचनाको निर्माण कार्यलाई अगाडी बढाउदै लगिनेछ ।
- खानेपानी र सरसफाई कार्यक्रम अन्तरगत पानीको गुणस्तर चेकजाँच तथा पानी शुद्धिकरण गर्ने बायोस्याण्ड फिल्टर वितरण कार्यलाई वडास्तर र नगरस्तरबाट प्राथामिकतामा राखि अगाडी बढाईने छ । साथै स्वास्थ्य संस्था र नगरबाट निस्किने फोहरमैलालाई उचित स्थान खोजी व्यवस्थापन कार्य अगाडी बढाइनेछ ।
- आमा सुरक्षा कार्यक्रम अन्तरगत यस नगर भित्रका प्रशुति गृहमा प्रशुति सेवा लाई प्रभावकारी बनाउन सुत्केरी सेवाको लागि एम्बुलेन्स सेवालाई सर्बशुलभ पहुँच गराउने कार्यलाई प्राथामिकतामा राखि अगाडी बढाइने छ ।
- नेपाल सरकार द्रारा निशुल्क उपलब्ध गराउने अत्यावश्यक औषधि यस नगर भित्र वर्षभरिनै १२ महिनानै उपलब्ध भएको सुनिश्चितता गर्न आवश्यक रकमको ब्यवस्था मिलाइने छ ।
- संघिय सरकारको निति अनुरुप एक वडा एक स्वास्थ्य संस्था यस नगरभित्र आ.व. २०७६।७७ मा सबै वडामा स्थापना गरि आधारभुत स्वास्थ्य सेवा निशुल्क गर्न आवश्यक ब्यवस्था मिलाइने छ ।
- महिला स्वास्थ्य स्वयं सेविका स्वास्थ्यको तल्लो इकाई भएको, समुदायसँग प्रत्यक्ष जोडिएको, विशेष गरी आमा र बच्चाको स्वास्थ्य सुधारमा खटिने भएको हुँदा निजहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।
- आयुर्वेद सेवालाई विस्तार गर्दै समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जिवन जीउने पद्धतिको विकास गर्न वजेट विनियोजन गरिनेछ ।
- स्वास्थ्य प्रयोगशाला सेवालाई नगर भित्रका सबै स्वास्थ्य संस्थामा विस्तार गरि गुणस्तरिय सेवा प्रदान गरिनेछ ।
- नगरभित्रका नगरवासीलाई पोषणको स्थीतिमा सुधार ल्याउन जनचेतनाको माध्यमबाट खानामा विविधिकरण ल्याई पोषण स्थितिमा सुधार स्वास्थ्य जनशक्ति विकासको आधार भन्ने मुलनारा सहित अभियान सञ्चालन गरिनेछ ।
- नगरभित्रका सम्पूर्ण बालबालिकालाई उमेर अनुसारको सबै खोपको मात्रा पु¥याई पूर्ण खोपयुक्त नगरपालिका घोषणा गरिनेछ ।

## ङ) महिला सशक्तिकरण

- एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि रोजगारमूलक तालिमको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका घरेलु हिंसा न्युनिकरण गरिनेछ । लैंगिक हिंसा अभियान वर्ष मनाउनको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- महिला शशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

४.वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

## क). वन तथा वातावरण

- जिविकोपार्जनका लागि वनको अवधारणालाइ सार्थक तुल्याउन यस नगरपालिकाभित्र रहेका सामुदायिक, साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ ।
- नगरपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइने नीति अन्रतगत यस बर्ष प्रारम्भिक चरणको काम पुरा गरेका ३ वटा पार्क निर्माण कार्य अगाडि बढाइनेछ ।
- नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा संबद्र्धन गरिनेछ
- मध्यवर्तिक्षेत्रमा वन्य जन्तु र मानव विच बढदै गएको द्धन्द न्युनिकरण गर्न तारजालीको व्यवस्था गरिनेछ ।

## ५.सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

## क) राजश्व परिचालन एवं अभिवृद्धि सम्बन्धी नीतिहरु

- व्यवसायकरको दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित गरी वडा कार्यालयबाटै कर, शुल्क दस्तुर असुल गर्ने व्यवस्था मिलाईने छ ।
- वार्षिक पेशा व्यवसाय करका श्रेणी तथा दर वमोजिम करदाता पहिचान गर्ने सम्बन्धमा पेशा व्यवसायको प्रकृति आकार एवं ठाउँविशेषलाई आधारको रुपमा लिइनेछ । नगरपालिकाद्वारा तोकिएको दरवन्दीका आधारमा पेशा व्यवसायका करदाता प्रष्ट्याई श्रेणी

निर्धारण गरी सहमतिका आधारमा कर अशुली व्यवस्थापनलाई सहज र थप प्रभावकारी बनाउन प्रतिनिधिमुलक संघ-संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।

- बजेट दरबन्दीमा तोकिएको व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको दररेटमा कर भूक्तानी गर्न नसक्ने अति न्युनस्तरको कुना काप्चा तथा अति कम चल्ती फिरती हुने ठाऊमा रहेका व्यवसायलाई श्रेणी विहिन मानी न्यूनतम रु.५००.०० मा नघटाई वार्षिक व्यवसाय कर लिई करको दायरालाई लचिलो तथा फराकिलो पारिनेछ । नगरपालिकामा भुक्तान गर्नुपर्ने कुनै कर शुल्क दस्तुर बाँकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।
- चालु आ.व.को आषाढ मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व.बाट क्रमशः पहिलो वर्ष १० प्रतिशत, दोस्रो वर्ष २० प्रतिशत, तेस्रो वर्ष ४० प्रतिशत, तेस्रो वर्ष भन्दा पछि १०० प्रतिशतका दरले विलम्ब जरिवाना जोडी बक्यौता समेत असुल गरिनेछ ।
- श्रावण महिना भित्रै रिक्साको दर्ता नविकरण गराउनलाई चालु आ.व.को लाग्ने रकममा १० प्रतिशत छुट दिईनेछ ।
- अपाङ्ग, असहाय, अशक्त, दैवि प्रकोप पिडित, द्वन्द्व पिडित, जेष्ठ नागरिक (दलित ६० बर्ष र अन्य ७० वर्ष माथिका) जस्ता व्यक्तिहरुलाई सम्बन्धित विषयको सिफारिसहरु निःशुल्क उपलब्ध गराइनेछ ।
- कुनै कार्यका लागि सडक क्षेत्रमा छोटो अवधिको लागि कुनै सामग्री भण्डारण वा टेण्ट लगाउनु पर्ने भएमा सार्वजनिक आवागमनमा अवरोध नहुने गरी प्रतिदिन प्रति व.फि. रु.१.५० का दरले शुल्क लिई स्वीकृति दिन सकिनेछ । विना स्वीकृति त्यस्तो कार्य गरेको पाईएमा लाग्ने शुल्क बराबर थप जरिवाना लिईनेछ ।
- केबुल संचालकहरुसंग समन्वय गरी प्रत्येक केबुल संचालकबाट ग्राहक संख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ ।
- श्रोतपरिचालन र व्यवस्थापनमा नगरपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण र परिचालन गरिनेछ ।
- श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

- श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्युटरीकृतComputer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- कर, शुल्क संकलन कार्यलाई प्रभावकारी बनाउन भौतिक सुविधा सम्पन्न स्थान र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समत विशेष ध्यान दिइनेछ ।
- कर, शुल्क, दस्तुर असुली कार्यलाई उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडी बढाई बक्यौता न्यून गराउने प्रयास गरिनेछ ।
- आफ्नो वा संगोल परिवार (एकाघरका सदस्य) ले नगरपालिकालाई भुक्तान गर्नुपर्न कर शुल्क, दस्तुर समयमा भुक्तान नगरी अटेरी गरी बक्यौता कायम राखेमा त्यस्ता व्यक्तिको नगरपालिकाबाट प्रदान गरिने कुनै पनि सिफारिस, सेवा र सुविधा रोक्का गरिनेछ तर कुनै कर शुल्क दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थामा(चालु आ.व.) त्यस्तो बन्देज गरिने छैन ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क,दस्तुर चुक्ता गर्न अनिवार्य गरिनेछ ।
- वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजि क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाईनेछ । नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने परम्परालाई व्यवस्थित ढंगले अगाडी बढाईनेछ ।
- नगरपालिकाद्वारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रवद्र्धन गरिनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको श्रोतसाधन र सम्पतिको उच्चतम प्रयोग र परिचालनद्वारा प्रशासनिक एवं अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरिने पूजीगत लगानीमा बृद्धि गर्दै लगिनेछ ।
- नगरपालिकाले उठाउने कर दस्तुर तथा शुल्कलाई व्यवस्थित,पारदर्शी र प्रभावकरी तुल्याउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका तयार गरी लागू गरिनेछ ।
- नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न संघिय सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ-संस्था र निजि

क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसँग समन्वयगरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

- नगरपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन जग्गा जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिद्वारा निजि क्षेत्रलाई सहभागी गराउदैं लगिनेछ ।
- श्रोत परिचालनमा निजि क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न एएए अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा ल्भनयतष्बतष्यल पद्धतिलाई समेत अवलम्बन गरिनेछ ।
- नगरपालिका अन्तरगतका हाटबजारहरु अस्थायी हाटवजार, बसपार्क जस्ता स्थानमा पूर्वाधार सुधार गरी स्तरवृद्धि गरिदै लगिनेछ । उक्त क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजि क्षेत्रलाई सहभागी गराइने नीति लिईनेछ ।
- भौगोलिक सूचना प्रणाली GIS लाई कार्यान्वयनमा ल्याई नगरको सुरक्षा, राजश्व संकलन, सेवा प्रवाह र पूर्वाधार कार्यलाई तथ्यपरक बनाउन प्रयास गर्ने र करका दायरालाई फराकिलो बनाउदै लैजाने तथा नया“श्रोतकोखोजीगरीराजश्ववृद्धिगर्नेनीतिलिइनेछ।
- नगरपालिकाद्वारा वहालमा लगाईएका सम्पत्तिहरुको वहाल बन्दोबस्त गर्दा प्रचलित बजारदरको आधारमा वहाल कायम गरी प्रतिस्पर्धात्मक विधि/प्रक्रिया अपनाईनेछ ।
- नगरपालिकामा व्यवसाय दर्ता नभएको तर अन्य सम्बन्धित कार्यालयमा पेशा व्यवसाय दर्ता गराई नगरपालिका भित्र कारोवार संचालन गरेको वा नगरेको अवस्थामा पसल वन्द रहेको वा कारोबार नै संचालन नगरेको भनी सिफारिस माग गर्न आउनेको हकमा वडा समितिबाट सिफारिस भई आएकालाई कम्तिमा १ (एक वर्ष)को व्यवसायकर लिएर मात्र सिफारिस गरिनछ ।
- संचालन नभएका तर फर्म नविकरण गराई रहने उद्योग पेशा व्यवसायहरुलाई व्यवसायकरमा २५ प्रतिशत छुट दिइनेछ । सञ्चालन नभएका उद्योग पेशा व्यवसायको सूची बनाइनेछ र अनुगमन विषयगत कार्यालयहरुसंग समन्वय र सहकार्यगरी राजश्व असुली कायलाई थपप्रभावकारी बनाइनेछ ।
- नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कार्यालयमा कार्यरत कर्मचारी, शिक्षक र सम्पुर्ण सेवा सँग सम्बन्धित कर्मचारीको आफ्नो घर वहालमा दिएको भए वहालकर, व्यवसाय गरेको भए व्यवसाय कर र सम्पत्ति कर समयमै बुझाउन अनिवार्य गरिनेछ । साथै वहालमा बस्ने कर्मचारीहरुले आफू बसेको घरधनिलाई बहालकर र व्यवसायकर बुझाउन पहलगर्न लगाइनेछ ।

- ठेला टंकी तथा अतिक्रमण गरि व्यापार व्यवसाय गर्ने कार्य अव्यवस्थित र अनियन्त्रित रुपमा बढी रहेको हुँदा त्यस्तो कार्यलाई व्यवस्थित, नियन्त्रित गर्दै निरुत्साहित गरी संख्यात्मक रुपमा समेत न्यून गर्दै जाने नीति लिइने छ ।

## ख) सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासः

- नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।
- कर्मचारी समायोजन प्रकृया सम्पन्न भई सकेको हुँदा नगरकार्यपालिका कार्यालयको संगठन तथा व्यवस्थापन ( O & M ) सर्वेक्षणका आधारमा अत्यावश्यक दरबन्दी मात्र पुर्ति गरिनेछ।
- नगर कार्यपालिका कार्यालयमा दरबन्दिका अतिरिक्त रहेका कर्मचारी कटौति गरी समायोजन भई आएका र लोकसेवाबाट नयाँ सिफारिस भई आएका कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ ।
- बिद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सुचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोग गरिनेछ । साथै नगरपालिकाका सवै वडा कार्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारी र भरपर्दो बनाइनेछ ।
- पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ । नगरभित्र हुने आर्थिक कारोवारहरुमा आर्थिक अनुशासन कायम गरिनुका साथै भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लिइनेछ ।
- नगरपालिकाबाट नगरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटर प्रणालीको प्रयोग र कर्मचारीहरुलाई कम्प्यूटर तालिम प्रदान गर्ने नीति लिइनेछ ।
- जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन तसर्थ नगरक्षेत्रभित्र बडघर, अगुवा तथा टोल विकास संस्था लाई विकासको आधारस्तम्भका रुपमा परिचालन गरिनेछ ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरिय र प्रविधिमैत्रि बनाउँदै भ्रष्टचारको शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ । हरेक महिनाको एक दिनलाई जनतासँग मेयर कार्यक्रम अन्तर्गत वडागत रुपमा क्रमशः नगरबासीहरु सँग नगर प्रमुखको संवाद कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विधुतिय शासन (E-Governance)लाई कार्यान्वयन गर्ने नीति लिईनेछ । हरेक वडाको E-mail तथाईन्टरनेट उपयोगमा आधारीत सेवा प्रवाह गर्ने नीति लिईनेछ ।
- नगरबासीहरुको राय सुझाव संकलन, गुनासो व्यवस्थापन र जबाफदेहिता बहन गर्नका लागि नगरपालिकासँग नगरबासीको सोझो सम्पर्कको लागि हरेक वडामा र नगर कार्यपालिकामा गुनासो पेटिकाको व्यवस्थालाई निरन्तरता दिइनेछ । जनताको गुनासो व्यस्थापनका लागि नगर कार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाई गरिनेछ ।
- आगामी आर्थिक बर्षबाट ११ वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई Intranet Computer Systemबाट नगरपालिकाको केन्द्रिकृत राजश्व प्रणालीमा आवद्ध गराउने कार्यलाई व्यवस्थीत गर्दै लगिनेछ ।
- नगरबाट प्रदान गरिने सेवाको सम्बन्धमा जनतालाई सुचित गर्न नागरिक वडापत्रलाई Digital Notice Board का माध्यमबाट सेवा सम्बन्धी जानकारीलाई सहज तुल्याईने छ ।
- आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तिय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मुल आधार बनाईनेछ ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरिय र प्रभावकारी बनाउन कर्मचारी तालिम, क्षमता विकास सम्बन्धि कार्यक्रम र कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिने छ ।
- जनप्रतिनिधिलाई समयानुकुल प्रविधिमैत्रि बनाउन र क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

## ग) विविध

- समाजमा सकारात्मक सोंचको बिकास गरी शान्ती र अमनचयन, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरुको संचालन गरिनेछ ।
- बालमैत्री, वातावरणमैत्री, धुवारहित, पुर्ण सरसफाईयुक्त, पुर्णसाक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।
- महिला, वालवालिका, आदिवासी जनजाति, दलित, अपांग र पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न प्राथमिकता दिइनेछ । विगतमा संचालन हुदै आएका लक्षित कार्यक्रमहरुलाई नतिजा प्राप्त हुने गरी मात्र संचालन गर्ने नीति लिइनेछ र यस बर्ष क्षमता विकास र स्वरोजगारी प्राप्त गर्न सक्ने गरी केही नमुना कार्यक्रम संचालन गरिनेछ ।

- गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागि र परिचालन गरिनेछ ।
- यस नगरलाई आइपर्ने विपद, भैपरी समस्याहरुलाई समाधान गर्ने तथा सुशासन कायम गर्नका लागि नगरपालिकामा नगर प्रहरीको संरचना खडा गरिनेछ ।

## रोजगार तथा स्वरोजगार सम्बन्धि

- नगर भित्रका बेरोजगार युवा युवतीहरुलाईस्वरोजगार बनाउन स्थानीय श्रोत साधन को उपयोग हुने गरि परम्परागत पेशा तथा आधुनिक सिपसंग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ । साथै दलित समुदायको सिप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामग्रीको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रम अगाडी बढाईनेछ।
- चिकित्सा क्षेत्रमा स्थानीय दक्ष जनशक्ति उत्पादन गरी यस नगरमा सेवा गर्ने गरि नगरका आर्थिक रुपले बिप्पन्न दलित र थारु समुदायका जेहेन्दार छात्र छात्रालाईचिकित्सा शिक्षा अध्ययन गर्न छात्रवृतिको व्यवस्था मिलाइने छ ।
- सहकारी संस्थाहरुको क्षमता विकास, सुदृढिकरण र अनुगमन गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तर्फ केन्द्रित गरिनेछ ।

आदरणीय नगरबासी जनसमुदायहरु,

बारबर्दियाको सम्वृद्धि भौतिक पुर्वाधार तथा कृषि उत्पादनमा अभिवृद्धि भन्ने नारा र विश्वव्यापी महामारी कोविड - १९ को रोकथाम तथा नियन्त्रणलाई साकार पार्नका लागि माथिका नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी कार्यक्रमको सफल कार्यान्वयन नगरपालिकाबाट मात्र सम्भव नहुने भएको हुनाले यहाँ कृयाशील राजनीतिक पार्टी, सरकारी तथा गैर सरकारी निकायहरु त्था संपूर्ण सामाजिक संघ(संस्थाहरु, नागरिक समाज सहित सम्पूर्ण बारबर्दिया बासी आमा(बुवा, दाजुभाइ, दिदी(बहिनीहरुको रचनात्मक सवं सक्रिय सहयोगको अपेक्षा सहित अनुरोध गर्दछु ।